'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ | अंक : १८३ | विहिवार १५ फागुन, २०८१ | 27 (Thursday) February 2025 | पृष्ठ ४, | मूल्य रु : १०।-

### जुंगे महादेव मन्दिर निर्माणमा ढिलाइप्रति आक्रोश

## महाशिवरात्रिमा बागेश्वरीमा भक्तजनको घुइँचो




सरला सुवेदी
नेपालगन्ज, फागुन/१४

नेपालगन्जमा रहेको ऐतिहासिक जुंगे महादेव मन्दिरको पुनर्निर्माणमा ढिलाइ भएको भन्दै स्थानीय आक्रोशित भएका छन् । भक्तजनहरूले मन्दिर निर्माणमा भइरहेको ढिलासुस्तीलाई सम्बन्धित निकायको लापरबाही भएको आरोप लगाएका छन् । यसैबीच, महाशिवरात्रि पर्वको अवसरमा नेपालगन्जको प्रसिद्ध बागेश्वरी मन्दिरमा बिहानैदेखि दर्शनार्थीको भिड लागेको छ । भारतका विभिन्न स्थानहरू र नेपालका बाँके तथा बर्दिया लगायत क्षेत्रहरूबाट हजारौं श्रद्धालु पूजा-का छन् । बागेश्वरी मन्दिरका मूल महन्त चन्दनाथ योगीका अनुसार महाशिवरात्रि लगायतका पर्वहरूमा भारतबाट समेत ठूलो संख्यामा भक्तजन आउने गरेका छन् । पूजाआजा व्यवस्थित गर्न ठूलो संख्यामा स्वयंसेवकहरू परिचालन गरिएको उहाँले जानकारी दिनुभयो । बागेश्वरी मन्दिर परिसरमै रहेको विश्वकै एक मात्र जुंगे महादेवको मन्दिर मर्मतका लागि हटाइएको मूर्ति अझै पुनःस्थापना नगरिएको भन्दै भक्तजनहरू निराश भएका छन् । नेपालगन्जका अगुवा प्रदिप दहालका अनुसार मूर्ति पुनःस्थापनाको तयारी भइरहेको छ । महाशिवरात्रि पर्वको अवसरमा मन्दिरमा सुरक्षा व्यवस्था कडा पारिएको छ । जिल्ला प्रहरी कार्यालय बाँकेका प्रमुख एसपी तुल बहादुर कार्कीका अनुसार मन्दिरमा अत्यधिक भिड भएकोले शान्ति सुरक्षा कायम गर्न सादा पोशाका सुरक्षाकर्मीहरू सहित अन्य सुरक्षाकर्मीहरू पनि परिचालन गरिएको छ ।

## जानकी गाउँपालिकामा दोस्रो अध्यक्ष कप क्रिकेट प्रतियोगिता सुरु

नमस्ते समचारदाता
बाँके, फागुन/१४




बाँकेको जानकी गाउँपालिकामा पालिकास्तरीय तीन दिने दोस्रो अध्यक्ष कप क्रिकेट प्रतियोगिता आजदेखि सुरु भएको छ । वडा नम्बर-३ स्थित श्री नेपाल राष्ट्रिय कन्या आधारभूत विद्यालयको खेल मैदानमा बुधबार एक औपचारिक कार्यक्रमबीच पालिका अध्यक्ष छब्बन खाँले ब्याटिङ गरेर प्रतियोगिताको उद्घाटन गर्नुभएको हो । फागुन १४ देखि १६ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगिताको उद्घाटन गर्दै अध्यक्ष खाँले भौतिक पूर्वाधारसँगै शिक्षा, स्वास्थ्य, सामाजिक विकास र खेलकुदमा पनि गाउँपालिकाले विशेष ध्यान दिइरहेको बताउनुभयो । शिक्षाको स्तर सुधार्न योजनाबद्ध अभियान सञ्चालन गरिएको उहाँले जानकारी दिनुभयो । प्रतियोगितामा १३ टोलीहरूको सहभागिता रहेको छ । विजेता टिमलाई रु. ४०,००० नगद र उपविजेता टिमलाई रु. २०,००० नगद सहित ट्रफी प्रदान गरिने शिक्षा, युवा तथा खेलकुद शाखा अधिकृत कृष्णाकुमारी भण्डारीले जानकारी दिनुभयो । जानकी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा, मानपुरको आयोजनामा तथा पालिका अध्यक्ष खाँको सभाध्यक्षतामा सम्पन्न कार्यक्रममा शिक्षा अधिकृत भण्डारीले स्वागत मन्तव्य राख्नुभएको थियो । कार्यक्रम सञ्चालन श्री नेपाल राष्ट्रिय आधारभूत विद्यालय, गुरुवागाउँका शिक्षक तारा बहादुर बिष्टले गर्नुभएको थियो । उद्घाटन कार्यक्रममा सामाजिक विकास समिति संयोजक रामआचल धोबी, जानकी गाउँपालिकाका स्वास्थ्य प्रमुख दल बहादुर राना, शिक्षा शाखाका प्राविधिक सहायक भुमिकुमारी ओली, विभिन्न शाखाका प्रमुख, कर्मचारीलगायतको उपस्थिति थियो ।

## मुख्यमन्त्री आचार्यद्वारा पाण्डवश्वर धाममा पूजा अर्चना

नमस्ते समचारदाता
दाङ, फागुन/१४



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले महाशिवरात्रि पर्वका अवसरमा दाङको पवित्र धार्मिक तीर्थस्थल पाण्डवश्वर धाम धारपानीको मूल मन्दिरमा पूजा अर्चना गर्नुभएको छ । घोराही उपमहानगरपालिका -५ स्थित धारपानी मन्दिरमा आयोजित विशेष पूजामा मुख्यमन्त्री आचार्यले सहभागी भई पूजा गर्नुभएको हो । यस अवसरमा नेपाली सेनाको एक टुकडीले त्रिशुललाइ सलामी अर्पण गरेको थियो । साथै, कार्यक्रममा लुम्बिनी प्रदेशका ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री सिता शर्मा, प्रदेशसभा सदस्य लोका विश्वकर्मा, घोराही उपमहानगरपालिकाका नगरप्रमुख नरुलाल चौधरी, प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्साल लगायतको विशेष उपस्थिति रहेको थियो । पाण्डवश्वर धाम धारपानी धार्मिक तथा ऐतिहासिक दृष्टिले अत्यन्त महत्वपूर्ण तीर्थस्थल मानिन्छ । महाभारतकालमा पाण्डवहरू वनवासको क्रममा यहाँ आएर तपस्या गरेको धार्मिक मान्यता छ । सोही कारण यस स्थानको नाम 'पाण्डवश्वर धाम' रहन गएको हो । यस मन्दिरमा विशेषगरी महाशिवरात्रि, हरितालिका तीज, बालाचतुर्दशी तथा अन्य हिन्दू पर्वहरूमा भक्तजनको ठूलो घुइँचो लाग्ने गर्छ । पाण्डवश्वर धाम धार्मिक आस्थाको केन्द्र मात्र नभई प्राकृतिक रूपमा समेत आकर्षक गन्तव्य हो । यहाँस्थित प्राचीन गुफा, जलस्रोत र हरियाली वातावरणले पर्यटकहरूलाई समेत लोभ्याउने गरेको छ ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।
नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम
नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

# महाशिवरात्रिको माहात्म्य

शिरीषवल्लभ प्रधान



● शिरीषवल्लभ प्रधान

> पाँचौँ शताब्दीको मानिने पशुपतिनाथको मन्दिर नेपालीको मात्र नभई भारत तथा अन्य दक्षिण एसियाली देशका हिन्दुको पनि आराध्य देवता मानिन्छ । शिव हिन्दुको मात्र नभई कतिपय बौद्धमार्गी तथा किराँतीले पनि मानिआएका देवता हुन् ।

शिव भन्नेबित्तिकै हामी हातमा त्रिशूल लिएको, जटाधारी, बाघको छाला ओडेको, शिरमा चन्द्रमा भिरेको, गलामा सर्पको माला लगाएको, शरीरमा खरानी धसेको अनि शिरबाट अटुट गङ्गा बगेको अचम्मलाग्दो प्राणीको कल्पना गर्छौं । के शिव साँच्चै त्यस्तो अद्भूत प्राणी होला त ? कसै कसैले शिवलाई १५ हजार वर्षअघिको एक महायोगी भनेर पनि चिनाउने गरेका छन् तर वास्तवमा शिव कुनै मानिस, महामानव वा भीमकाय प्राणी नभई तत्व हो, सूक्ष्मभन्दा पनि अति सूक्ष्म तत्व । काश्मिरी शैव मत अनुसार यस सृष्टिमा रहेका ३६ मूल तत्वमध्ये शिव सबैभन्दा सूक्ष्म तत्व हो, अझ उनीहरू त्यसलाई परम शिव भन्छन् । पृथ्वी सबैभन्दा ठोस तत्व हो, भने त्यसपछि, जल, अग्नि, वायु, आकाश गरी ३६ औँ तत्व चाहिँ शिव तत्व हो । शिवको टाउकोमा देखिने चन्द्रमाले कल्पनाशील मनको प्रतिनिधित्व गर्छ भने अटुट ज्ञानको धारा नै गङ्गा हो, तीन प्रकारको दुःख हर्ने भएकाले उनको हातमा सदा त्रिशूल रहन्छ अनि गलामा लगाइएको सर्पको मालाले सजगता अर्थात् चेतनाको प्रतिनिधित्व गर्छ । त्यसै गरी शरीरमा पोतिएको खरानी संहारको प्रतीक हो, संसारलाई प्रलयकालमा नष्ट गरेर बाँकी रहेको खरानीको लेप आफ्नो शरीरमा लगाएको जस्तो । शिव वास्तवमा शुद्ध चेतना हो, अद्वैत वेदान्तका प्रणेता आदि शङ्कराचार्य पनि यही भन्नुहुन्छ । त्यस्तै शक्ति अर्थात् देवी चाहिँ यो संसारलाई चलायमान राख्ने शक्ति हो । शिवले केही पनि गर्दैन, उ केवल साक्षी मात्र हो भने सृष्टि, सञ्चालन र संहार सबै गर्ने शक्तिचाहिँ तिनै देवी हुन् । सौन्दर्य लहरी भन्ने आफ्नो प्रसिद्ध स्तोत्रमा शङ्कराचार्य लेख्नुहुन्छ, शिवले तिनै देवीको मद्दतले यो सारा जगत्को सृष्टि गर्छन् र त्यो स्त्री शक्तिको अभावमा शिव हलचलसमेत गर्न सक्दैनन् । उदाहरणका लागि शिवबाट स्त्री शक्तिको प्रतिनिधित्व गर्ने इकार हटाइदिएको खण्डमा त्यो शव बन्छ । काश्मिरी शैव मत अन्तर्गत त्रिक सिद्धान्त अनुसार सृष्टिका तीन प्रमुख तत्व हुन् शिव, शक्ति र जीव अर्थात् शिव, देवी र नर । शिव र पार्वतीका अनेकन कथा, किंवदन्तीहरू हिन्दु शास्त्रहरूमा उपलब्ध छन् । स्वस्थानी व्रतकथामा पनि शिव र पार्वतीकै लीलाहरूको वर्णन छन् । महादेवको शक्तिलाई पहिचान गर्न नसकी उनलाई अवहेलना गर्नाले दक्षप्रजापतिको यज्ञ मात्र भङ्ग नभई उसले आफ्नो शरीरसमेत त्याग्नुपर्ने हुन्छ । त्यसमा दक्षप्रजापतिले मानिसमा हुने अहङ्कारको प्रतिनिधित्व गर्छ । अहङ्कारले मानिसलाई कसरी पतनको मार्गतिर डोर्‍याउँछ भन्ने पाठ त्यसले सिकाउँछ । भनिन्छ, शिवले पार्वतीलाई योगका विभिन्न आसनबारे ज्ञान दिएका थिए, जुन मत्स्येन्द्रनाथ र उनका शिष्य गोरखनाथले सिकेपछि मानिसमा फैलिएको हो । त्यसो हुनाले पनि शिवलाई महायोगी भनिएको हो । यसरी शिव र देवीबिच संवादको रूपमा कतिपय महत्वपूर्ण आध्यात्मिक ज्ञानशास्त्रमा उल्लेख भएको हामी पाउन सक्छौं । त्यस्तै काश्मिरी शैवमत अन्तर्गतको एक प्रख्यात ग्रन्थ शिवसूत्रमा शिवले पार्वतीलाई अद्वैतमतमा आधारित आध्यात्मिक ज्ञान दिन्छन् । नवौँ शताब्दीका विद्वान् वसुगुप्ताद्वारा रचित शिवसूत्र मानिसको चेतनासँग सम्बन्धित छ । यस ग्रन्थमा सत्यको स्वरूप, शिवको पहिचान एवं आत्मज्ञानका विधिहरूको वर्णन गरिएको छ । त्यस्तै काश्मिरी शैवमत अन्तर्गतको प्रसिद्ध ग्रन्थ विज्ञान भैरव तन्त्रमा शिव र पार्वतीको संवादको रूपमा ११२ किसिमका ध्यानका विधिहरूको वर्णन गरिएको छ । त्यस्तै किंवदन्तीमा भनिएको छ, शिव हिमालयमा बास गर्छन् र उनले हिमालय पर्वतकी पुत्री पार्वतीसँग विवाह गरेका छन् । कतिपय शास्त्रमा उल्लिखित कुराहरूलाई जस्ताको तस्तै बुझ्नुको सट्टा सङ्केतको रूपमा बुझ्नपर्ने हुन्छ । हिमालय पर्वत सबैभन्दा पवीत्रस्थल मानिन्छ । हिमालयको हिउँ पग्लेर प्रवाहित हुने जल सबैभन्दा शुद्ध मानिन्छ । पहिले पहिले साहसी खेलको रूपमा हिमाल चढ्ने प्रचलन थिएन । हिमालयको शान्त वातावरणमा ऋषिमुनि ध्यान, तप गर्थे र सत्यसँग प्रत्यक्ष साक्षात्कार गर्थे । यसरी हिमालय सबैभन्दा पवित्र र शुद्धस्थल भएको हुनाले शुद्ध चेतनाको प्रतीक शिवको बासस्थान हिमालय भनिएको हुनु पर्छ । नेपालमा इस्वी संवत्को पहिलो शताब्दीभन्दा अघिदेखि नै शैव मतको प्रभाव परेको देखिन्छ । पाँचौं शताब्दीको मानिने पशुपतिनाथको मन्दिर नेपालीको मात्र नभई भारत तथा अन्य दक्षिण एसियाली देशका हिन्दुहरूको पनि आराध्य देवता मानिन्छ । शिव हिन्दुहरूको मात्र नभई कतिपय बौद्धमार्गी तथा किराँतीहरूले पनि मानिआएका देवता हुन् । काठमाडौँको पशुपतिक्षेत्रमा गौरीघाट स्थित किराँतेश्वर महादेवको मन्दिर किराँतको पनि पूजनीय स्थल हो । त्यस्तै महादेवलाई भैरवको रूपमा बौद्धमार्गीले पनि उपासना गर्ने गरेको पाइन्छ । काठमाडौँसहित नेपालका विभिन्न तीर्थस्थल वरिपरि यत्रतत्र शिवलिङ्ग देख्न पाइन्छ । यसबाट पनि नेपाललाई शैव मतावलम्बीको प्राचुर्य भएको देश मान्न सकिन्छ । शास्त्रहरूमा भनिएको छ, शिवको कुनै स्वरूप हुँदैन, किनकि त्यो सत्यस्वरूप हो, शुद्ध चैतन्य स्वरूप हो । त्यसो हुनाले पनि हामी अन्य देवताको जस्तो शिवको मूर्तिलाई नभई शिवलिङ्गलाई पूजा गर्छौं । किनभने त्यो अनन्त शक्तिको प्रतीक हो, अनन्त चेतनाको प्रतीक हो, सत्यस्वरूप हो । शिवलाई दिगम्बर पनि भनिन्छ अर्थात् जसको आकाश नै वस्त्र हो । त्यो निराकार, अजन्मा, अमर, निर्गण ब्रह्मस्वरूप हुनाले त्यसको कुनै रूप हुँदैन र हामी लिङ्ग अर्थात् चिह्नको रूपमा त्यसको उपासना गर्छौं । शिवलिङ्ग भएको मन्दिरलाई पूरै परिक्रमा गरिँदैन, त्यसको आधा मात्र परिक्रमा गर्ने चलन छ । शिवलिङ्गको दर्शन गरिसकेर आधा दायाँबाट र आधा बायाँबाट परिक्रमा गर्ने प्रचलन छ । किनभने जो अनन्त छ, त्यसको कसरी परिक्रमा गर्नु सम्भव हुन्छ ? जसको पूर्ण परिक्रमा गरिन्छ, त्यो अनन्त हुँदैन, असीमित हुँदैन । श्वेताश्वरोपनिषद्मा महेश्वरको बारेमा यसरी वर्णन गरिएको छ, प्रकृतिलाई माया जान र महेश्वरलाई मायावी । त्यही प्रकृतिरूपी मायाद्वारा नै यो कार्यकारण स्वरूप सम्पूर्ण जगत् व्याप्त छ । अर्थात् तिनै महेश्वरले आफ्नो माया शक्तिद्वारा यो सारा चराचर जगत्को सृष्टि गरेका हुन् (श्वेत ४.१०) । त्यस्तै अर्को श्लोकमा भनिएको छ, रुद्र एउटै छ, त्यस कारण ब्रह्मवेत्ताहरू त्यस रुद्रबाहेक अरू कुनै कुराको अपेक्षा गर्दैनन् । त्यसले आफ्ना विभिन्न शक्तिको माध्यमले यस लोकमा शासन गर्छ र त्यो समस्त जीवभित्र विद्यमान छ । त्यसले सम्पूर्ण लोकको रचना गरी त्यसको रक्षक भएर प्रलयकालमा सम्पूर्ण लोकलाई आफूभित्र सङ्कुचित गर्छ । (श्वेत.३.२) । यसरी यहाँ शिवलाई ब्रह्मस्वरूप मानी त्यसको स्तुति गाइएको छ । शिवलाई बाहिर मन्दिरमा नभई आत्मामा नै दर्शन गर्ने हो, शिवको बाहिरी रूप त सङ्केत मात्र हो । श्वेताश्वर उपनिषद्को भाष्यमा आदि शङ्कराचार्य भन्नुहुन्छ, योगीहरू शिवलाई आत्मामा नै दर्शन गर्छन् प्रतिमामा होइन । जसले आत्मस्थित शिवलाई बेवास्ता गरी बाह्य शिवको पूजा गर्छ, उसले मानौँ हातमा रहेको भातको गाँस भुइँमा फालेर केवल हात मात्र चाट्छ । शङ्कराचार्यका अनुसार आत्मस्थ तीर्थलाई त्यागेर बाह्य तीर्थमा जानु भनेको हातमा रहेको हिरा फ्याँकेर बाहिर रहेको काँच खोज्नु सरह हो । तसर्थ यस महाशिवरात्रिले हामीलाई आफूभित्र रहेको शुद्ध चैतन्य स्वरूप शिवको खोजी गर्ने प्रेरणा देउन् । किनभने जब हाम्रो हृदय मलरहित शान्त र शुद्ध हुन्छ, त्यस अवस्थामा अवश्य पनि शिवत्व प्राप्त हुन्छ । *–गोरखापत्र*

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

शुभकालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुकाटिया, कालीकोट

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्यक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

सान्नीत्रिवेणी गाउँपालिका
कालिकोट

# सुदूरपश्चिमको विद्युत् अवरोध हट्यो, स्थानीय हर्षित

नमस्ते समाचारदाता
कालीकोट, फागुन/१४



स्थानीयले अवरोध गरेको ३३ केभी बिद्युत् बिस्तारको काम अवरोध हटेसँगै सुचारु भएपछि कालीकोट, जुम्ला र मुगुका नागरिकले सहज बिद्युत् पाउन थालेका छन् । कर्णाली प्रदेशका जिल्लामा बिद्युत् आपूर्ति गर्न सुदूरपश्चिम प्रदेशबाट लाइन बिस्तार भएर बिद्युत् प्रवाह भएपछि यहाँका नागरिकलाई बिद्युत् सेवा लिन सहज भएको हो । कोहलपुर सुर्खेत हुँदै साबिकको कर्णालीका जिल्लामा आपूर्ति गरिएको बिद्युत्को क्षमता कमजोर भएकाले बत्ती आउने जाने भइरहेको थियो । गत हप्ता देखि सुदूरपश्चिमको ३३ केभी प्रसारण लाइन जडान भएपछि बिद्युत् सेवा सहज भएको स्थानीयको भनाई छ । मान्ममा मोबाइल पसल गदै आउनु भएका मनि राज पाण्डेले दिनमा सयौं पटक आउने र बन्द हुने बिद्युत्को समस्या अहिले हल भएको बताउनुभयो । उहाँले दिनमा कहिले कासो इयाप्प गए पनि उति नै बेला बिद्युत् सुचारु हुँदा काम गर्न धेरै सहज भएको सुनाउनुभयो । अछामको कमलबजारदेखि दैलेखको साइखोलासम्म ९ किलोमिटर दूरीको ३३ केभी प्रसारण लाइन विस्तारमा स्थानीयले अवरोध गर्दा कर्णालीका तीन जिल्लाको बिद्युत् बिस्तार योजना केही ढिलो भएको थियो । सबै तिरको संवादले सार्थकता पाएपछि बिद्युत् बिस्तार पुन सुचारु भएर औपचारिक रूपमा ३३ केभी लाइन कर्णालीमा आपूर्ति भएपछि यहाँका नागरिकले उज्यालो पाएका छन् । बाँकेको कोहलपुरबाट सुर्खेत हुँदै दैलेखबाट आएको राष्ट्रिय प्रसारण लाइनको भोल्टेज कम भएकाले जाडो सिजनमा बत्ती नपुग्ने समस्या अब समाधान भएको छ । यो समस्या समाधानका लागि गत वर्ष असार १२ मा कालीकोट वितरण केन्द्रले कमलबजार-साइखोला ९ किलोमिटरमा ३३ केभी प्रसारण लाइन विस्तारका लागि पुस १२ मा काम सक्ने गरी १ करोड ८८ लाखको टेन्डर गरी काम थालेको थियो । कालीकोट वितरण केन्द्र प्रमुख हरेन्द्रराय यादवले कमलबजारबाट साइखोला सम्मको ९ किमि तार तान्ने काम सकिएपछि कोहलपुरको लाइनको ठाउँमा सुदूरपश्चिमबाट आएको ३३ केभी लाइन जडान गर्दा सेवाग्राहीलाई सहज भएको सुनाउनुभयो । कालीकोट वितरण केन्द्रका फोनमेन जयाप्रसाद पाण्डेले कमलबजारको बिद्युत् आपूर्ति भएसँगै कालीकोटका बिद्युतीकरण भएका गाउँका नागरिकले चाहेको बेला बिद्युत् सेवा पाउन थालेको बताउनुभयो । अब नागरिकले खासै बत्ती कता गयो भनेर फोन गर्नुहुँदैन । कहिलेकहीँ अत्तरिया, डडेलधुरा तिरै समस्या आएमा मात्र बिद्युत् प्रसारण अवरोध हुन्छ नत्र भने सदा भार चलिरहँदा नागरिकको गुनासो कम आउने गरेको पाण्डेको भनाई छ । कालीकोट वितरण केन्द्रले डडेलधुराबाट अत्तरिया हुँदै कमलबजार आएको ३३ केभी लाइनबाट कालीकोट, जुम्ला हुँदै मुगुसम्म लाइन सुचारु भएको जनाएको छ । डडेलधुरा-अत्तरिया हुँदै चमेलिया जलविद्युतको १९ मेगावाट, बभाङ कलंगा खोलाको ६५ मेगावाट र अपी हाइड्रोको ५ मेगावाट लगायत करिब १०० मेगावाट विद्युत् आयात हुने गरेको छ । ३३ केभी लाइन थपिएसँगै कालीकोटमा बिद्युतीकरण भएका गाउँमा बिद्युत् आपूर्ति सहज भएको छ । यसले जुम्ला र मुगुलाई पनि राहत भएको छ ।

# ध्यान केन्द्रको अवलोकनमा मुख्यमन्त्री आचार्य



नमस्ते समाचारदाता
दाङ, फागुन/१४

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले घोराही उपमहानगरपालिका-१३ मा रहेको विपश्यना ध्यान केन्द्रको अवलोकन गर्नुभएको छ । अवलोकनका क्रममा उहाँले विपश्यना ध्यानले मानसिक तथा शारीरिक स्वास्थ्य प्रवर्धनमा अतुलनीय योगदान पुऱ्याएको बताउनुभयो । साथै, ध्यान र साधनाले मानिसलाई स्वस्थ जीवनशैली अपनाउन मद्दत गर्ने उहाँको धारणा थियो । केन्द्रमा प्रत्येक महिनामा एउटा १० दिवसीय शिविर, पुराना साधक/साधिकाका लागि एक दिवसीय शिविर, र बालबालिकाका लागि छुट्टै एक दिवसीय शिविर सञ्चालन हुँदै आएको छ । आगामी वर्षमा थप शिविर सञ्चालन गर्ने योजना रहेको अध्यक्ष राम बहादुर खड्काले जानकारी दिनुभयो । हालसम्म केन्द्रले ३३ वटा १० दिवसीय शिविर, एकदिवसीय शिविर, बाल शिविर, विभिन्न संघसंस्था र विद्यालयमा लघु आनापान ध्यान कार्यक्रम सञ्चालन गरी एक हजारभन्दा बढी व्यक्तिलाई लाभान्वित गरिसकेको छ । आगामी वर्षमा थप शिविर सञ्चालन गरी धेरैभन्दा धेरै मानिसलाई सहभागी गराउने केन्द्रको लक्ष्य रहेको छ । विश्वभर विपश्यना ध्यान शिविर निःशुल्क सञ्चालन गरिन्छन् । सहभागी साधकबाट कुनै शुल्क लिइँदैन । दाङ विपश्यना केन्द्र धम्मपरागको स्थापना र सञ्चालनमा लुम्बिनी प्रदेश सरकारको योगदान रहेको छ । ध्यान केन्द्रको थप विकासका लागि आवश्यक बजेट प्रदेश सरकारबाट विनियोजन गराउन आग्रह गरिएको छ । केन्द्रको मुख्यमन्त्री सहित ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री सीता शर्मा, प्रदेश सभा सदस्य लोका विश्वकर्मा, घोराही उपमहानगरपालिका प्रमुख नरुलाल चौधरी लगायतले अवलोकन गर्नु भएको थियो । यो केन्द्र सामाजिक अगुवा नारायण प्रसाद शर्माको पहलमा स्थापना भएको हो ।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:
आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार
रंगिन टिभी एकजनालाई
१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
शाखा कार्यालयहरु

# घोडाघोडी मन्दिरमा भक्तजनको भीड

नमस्ते समाचारदाता
कैलाली, फागुन/१४



कैलालीको घोडाघोडी मन्दिरमा महाशिवरात्रि पर्वका अवसरमा यहाँ दर्शन गर्न आउने भक्तजनको बिहानैदेखि भिड लागेको छ । विश्वरामसार सूचीकृत जैविक विविधताले महत्वपूर्ण घोडाघोडी तालको जति महत्व छ उतिनै समिपमा रहेको घोडाघोडी मन्दिरको समेत रहेको छ । यहाँ लाग्ने विभिन्न धार्मिक पर्व मध्य महाशिवरात्रि पर्वलाई सबैभन्दा ठुलो मानिन्छ । परापूर्वकालदेखि घोडाघोडी मन्दिरमा शिवरात्रि पर्वका अवसरमा पूजा तथा अर्चना गर्दै आएको स्थानीय भक्तजनहरू बताउँछन् । थारू र पहाडी समुदायको धार्मिक धरोहरको रूपमा घोडाघोडी रहेको घोरीघोरा पूजा व्यवस्थापन समितिका अध्यक्ष बुधराम चौधरीले बताउनुभयो । बिहानैदेखि टाढाटाढाबाट आउने भक्तजन हरूलाई सहज रूपमा दर्शन तथा पूजाअर्चनाका लागि सुरक्षाकर्मीको सहयोगमा लाइन लागेर पालोपालो दर्शन गर्ने व्यवस्था मिलाएको अध्यक्ष चौधरीले बताउनुभयो । शिवरात्रि पर्वकै अवसरमा घोडाघोडी मन्दिर परिसरमै औपचारिक धार्मिक कार्यक्रमको आयोजना गरिएको समेत उहाँले जानकारी दिनुभयो ।

# गुडिरहेको मोटरसाइकलमा आगलागी

नमस्ते समाचारदाता
रुकुमपश्चिम, फागुन/१४

रुकुमपश्चिमको चौरजहारी नगरपालिका १, बसपार्क नजिकै गुडिरहेको एक मोटरसाइकलमा एक्कासि आगो लागेको छ । जिल्ला प्रहरी कार्यालय रुकुमपश्चिमका अनुसार बुधबार बिहान नगरपालिका १०, निवासी विजय देवकोटाले चलाएको रा ५ प ५१८५ नम्बरको मोटरसाइकलमा एक्कासि आगो लागेको हो । नजिकै रहेको पेट्रोल पम्पबाट पेट्रोल हालेर फर्कने क्रममा मोटरसाइकलमा आगो लागेको हो । पेट्रोल लिक भएर प्लकको फिल्कोको कारण आगलागी भएको हुनसक्ने अनुमान गरिएको छ । प्रहरी निरीक्षक ऋषि पाठकले चालक देवकोटा र पछाडि सवार रहेका प्रदीप ढकाललाई भने केहि पनि नभएको जानकारी दिनुभयो । आफैले चलाएको मोटर साइकलमा आगो दन्किएपछि मोटरसाइकल छोडेर ज्यान जोगाउन सफल भएको देवकोटाले जनाउनुभयो । चालक देवकोटाले भाग्यले बाँच्न सफल भएको र साथमा मोटरसाइकलमा सवार प्रदीप ढकाललाई पनि केही नभएको जानकारी दिनुभयो । मोटरसाइकल भने जलेर नष्ट भएको छ । पेट्रोल पम्पबाट करिब २० मिटर यता आएको बेला एक्कासि आगो दन्किएपछि मोटरसाइकल छोडेर भागेको अधिकारीले जानकारी दिनुभएको छ । मोटर साइकलका धनी भने चौरजहारी नगरपालिका वडा नम्बर ६ निवासी दिनेश बोहरा रहेको बुझिएको प्रहरीले जनाएको छ । प्रहरीले घटनाको थप अनुसन्धान गरिरहेको जनाएको छ ।

जनहितमा जारी सन्देश
- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अधि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
जि.प्र.का.बाँके दर्ता नं १६२/०७९/८०
जिल्ला हुलाक नं. २९/०८१-०८२
बिहिवार १५ फागुन, २०८१
Thursday 27 February, 2025


# घरमा आगलागी, १८ भेडाबाखा र ९० कुखुरा मरे

■ नमस्ते समचारदाता
रुकुमपश्चिम, फागुन/१४



रुकुमपश्चिमको मुसीकोट नगरपालिका वडा नम्बर १४ चाखलडाँडास्थित रुद्र बहादुर बिष्टको घरमा आगलागी भएको छ । बुधबार बिहान भएको आगलागीबाट बिष्टको ६ कोठे (ढुङगा र माटोले बनेको, टिनले छाएको) दुई तले घर ध्वस्त भएको छ । आगलागीले पशुचौपाया मरेका छन् । जिल्ला प्रहरी कार्यालय रुकुमपश्चिमको निमित्त प्रमुख प्रहरी निरीक्षक ऋषि पाठकका अनुसार आगलागीमा परेर दुई गोरु, १४ बाख्रा, चार भेडा र ९० वटा कुखुरा मरेका छन् । घरको तल्लो तलामा बाँधेर राखेका पशु चौपायामध्ये दुई गाई र पाँच बाख्रा जलेर घाइते रहेका छन् भने अन्यको मृत्यु भएको छ । यसका साथै घरमा रहेको लत्ताकपडा, अन्नपात, कागजपत्र सबै जलेर नष्ट भएको छ । आगलागीबाट करिब १२ लाख ५० हजार बराबरको क्षति भएको प्रहरी निरीक्षक पाठकले जानकारी दिनुभयो । बिष्टका छोरा बलजित बिष्टका अनुसार विद्युतको तार सर्ट हुन गई आगलागी भएको हो । घरमा कोही नभएको बेला आगलागी भएकाले मानवीय क्षति नभएको प्रहरीको भनाइ छ। प्रहरी टोली घटनास्थल पुगेर क्षतिको विवरण संकलन गरेको छ । अहिले आगलागी नियन्त्रणमा आइसकेको बताइएको छ । प्रहरी र स्थानीयवासीको सक्रियतामा आगो नियन्त्रणमा आएको हो ।

# संकट व्यवस्थापनमा सबै निकाय प्रतिबद्ध



■ नमस्ते समचारदाता
डडेलधुरा, फागुन/१४

लैङ्गिक हिंसा तथा एकद्वार सङ्कट व्यवस्थापन गर्न यहाँका स्थानीय सरकार, प्रशासन, सरकारी निकाय एवं गैरसरकारी सङ्घसंस्थाहरू प्रतिबद्ध भएका छन् । विभेदविरुद्ध सबैले आआफ्नो क्षेत्रमा काम गर्दै आइरहेको भए पनि न्यूनीकरण गर्न नसकिएकाले सबै सरकारी कार्यालय, निकायहरू र गैरसरकारी सङ्घसंस्थाहरू एकबद्ध भएर काम गर्ने निर्णय गरिएको छ । आइतबार जिल्ला सदरमुकाममा ग्रामीण महिला विकास तथा एकता केन्द्र (रुडुक) ले आयोजना गरेको लैङ्गिक हिंसा तथा एकद्वार सङ्कट व्यवस्थापनका क्षेत्रमा कार्यरत निकायबिचको अन्तर्क्रिया कार्यक्रममा सहभागी अमरगढी नगरपालिका, जिल्ला प्रशासन कार्यालय, गन्यापधुरा गाउँपालिका, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र, महिला मुक्ति समाज, सेफ हाउस र गैरसरकारी सङ्घसंस्थाका प्रमुख एवं प्रतिनिधिले हिंसाविरुद्ध एकबद्ध भएर काम गर्ने निर्णय गरेका छन् । रुडुक र अक्सफाम नेपालको संयुक्त साझेदारीमा सञ्चालित 'नेपालको राजनीतिमा महिला नेतृत्वकर्ताको रूपान्तरणात्मक नेतृत्व' परियोजना अन्तर्गत लैङ्गिक हिंसा न्यूनीकरणका क्षेत्रमा यस जिल्लामा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूले आगामी दिनमा समन्वयात्मक ढङ्गबाट कार्य गर्ने, प्रभावित व्यक्तिलाई प्रदान गरेर सेवा तथा परामर्शका सम्बन्धमा पनि सहकार्य गरेर अगाडि बढ्ने निर्णय भएको रुडुक डडेलधुराका कार्यकारी निर्देशक अमरबहादुर साउदले जानकारी दिनुभयो । कार्यक्रमका प्रमुख अथिति रहनुभएका अमरगढी नगरपालिकाका नगर उपप्रमुख पार्वती झुकालले महिलाहरूले गाउँघरमा काम गर्न छोडेको बताउनुभयो । गाउँघरमा बुढा बुवाआमा, सासूससुरा मात्रै छन् । उहाँले भन्नुभयो, "आजकालका छोरीबुहारी, छोराछोरी पढाउन भनेर बजारमुखी भए ।" आफूले गरिरहेका कामको बजारीकरणका लागि सामाजिक सञ्जालको बढीभन्दा बढी प्रयोग गर्नु राम्रो भए पनि कुनै कामै नगरी दिनरात सामाजिक सञ्जालमा अर्धनगन भई भिडियो पोस्ट गर्नु, सक्रिय रहनु नराम्रो भएको भन्दै उहाँले यसले गर्दा महिला हिंसा बढाएको बताउनुभयो । एकीकृत विकास समाज (आइडिइएस) का कार्यकारी निर्देशक पदमा गुरुङले समुदायमा मदिरा सेवन गरेर पुरुषहरूले महिलामाथि हिंसा गरेको प्रायः मुद्दा हुने भएकाले महिलालाई सिप सिकाइ व्यवसायमा जोडिरहेको बताउनुभयो ।

# नमुना विद्यालय कार्यक्रमका लागि स्थानीय तहमा बजेट पठाइने

■ नमस्ते समचारदाता
सुर्खेत, फागुन/१४





कर्णाली प्रदेश सरकारले 'मुख्यमन्त्री डिजिटल शिक्षा' र 'नमुना विद्यालय कार्यक्रम'का लागि स्थानीय तहमा बजेट पठाउने निर्णय गरेको छ । मङ्गलबार बसेको मन्त्रिपरिषद् बैठकले यसअघि छनोट भएका विद्यालयमा रकम पठाउने निर्णय गरेको छ । यस्तै, मानव अधिकार रक्षकको सुरक्षा र संरक्षणसम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न स्वीकृति प्रदान गर्ने निर्णयसमेत गरिएको कर्णाली सरकारका प्रवक्ता विनोद कुमार शाहले जानकारी दिनुभयो । यस्तै, घर बिमा कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८१, आयोजना प्रस्ताव तथा छनोट प्रक्रियासम्बन्धी कार्यविधि २०८१, कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति निर्देशिका २०८१, कृषि तथा पशुपक्षी विकास कार्यक्रम सञ्चालननिर्देशिका २०८१, कर्णाली कृषि विकास रणनीति २०८१/०८२-२०९१/ ०९२, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन-दोस्रो संशोधन कार्यविधि २०८१ र नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन कार्यविधि २०८१ स्वीकृत गर्ने निर्णय पनि मन्त्रिपरिषद्को बैठकले गरेको छ।

# बजेट अभावमा स्तरोन्नति हुन नसकेको नाग्म गमगढी सडक

■ नमस्ते समचारदाता
मुगु, फागुन/१४

मुगुको नाग्म-गमगढी सडकको दुरवस्थाबारे प्रतिनिधि सभा तथा प्रदेश सभाका सदस्यहरू एवं मन्त्रीले समेत आवाज उठाउँदै आइरहनुभएको तर सरकारले उहाँहरूको आवाज सुनिरहेको छैन । मुगुबाट सङ्घीय संसद् प्रतिनिधित्व गर्ने वन तथा वातावरणमन्त्री ऐन बहादुर शाही, प्रदेश सभा सदस्य तथा तत्कालीन कर्णाली प्रदेशका पर्यटनमन्त्री जित बहादुर मल्लले नाग्मदेखि गमगढी लोकमार्गलाई स्तरोन्नति गर्न पटक पटक माग गर्दै आउनुभएको छ तर मागको सम्बोधन हुन सकेको छैन । जसका कारण सर्वसाधारणले निकै सास्ती खेप्नु परेको छ । नाग्मदेखि गमगढीसम्म सडक स्तरोन्नति नहुँदा स्थानीय तथा रारा घुम्न आउने पर्यटकले हैरानी खेप्नु परेको छ । बेला बेलामा हुने दुर्घटनाले धेरैको ज्यान पनि गएको छ । यो सडकको स्तरोन्नतिका लागि सम्बन्धित निकायमा पहल गरिरहेको तर सडक डिभिजन कार्यालय जुम्लाले सडक स्तरोन्नतिमा चासो नदिएको मन्त्री शाहीले आरोप लगाउनुभयो । नाग्म-गमगढी सडक स्तरोन्नति गर्न कसैको ध्यान जान नसकेको मुगमकार्मारोङ गाउँपालिका-८ का रामसिं रोकायाले बताउनुभयो । यस्तै जिल्ला नागरिक समाजका संयोजक रूपबहादुर मल्लले पनि नाग्म-गमगढी लोकमार्ग इन्जिनियरिङ मापदण्ड अनुसार नै काम नभएको बताउनुहुन्छ । सडक एक लेनको मात्र हुँदा यात्रा जोखिमपूर्ण बनेको उहाँको भनाइ छ । सडक फराकिलो बनाउन सकिने ठाउँ भए पनि त्यसतर्फ सरकारको ध्यान जान नसकेको उहाँले गुनासो गर्नुभयो । सडकलाई कम्तीमा दुई लेनको बनाउनुपर्ने उहाँको माग छ । लोकमार्गमा पक्की पुल निर्माण नहुँदा, खाल्टाखुल्टीले र साँघुरो मोड तथा एक लाइनको हुँदा दुर्घटनाको जोखिम उच्च रहेको सवारीचालक हेमराज हमालले बताउनुभयो । पानी पर्दा हिलाम्मे र घाम लाग्दा धुलाम्मे हुने नाग्म-गमगढी लोकमार्गमा गाडी चलाउन निकै सास्ती हुने गरेको उहाँले बताउनुभयो । यता सडक डिभिजन कार्यालय जुम्लाका प्रमुख प्रदीपनारायण चौधरीका अनुसार नाग्म-गमगढी लोगमार्गलाई छिटोछरितो स्तरोन्नति गर्नलाई चालु आर्थिक वर्षमा बजेटको नभएको बताउनुभयो । बजेटको व्यवस्थापन भएपछि स्तरोन्नतिको काम हुने भन्दै यस वर्ष बजेट नहुँदा केही काम गर्न नसकिएको स्वीकार गर्नुभयो ।




नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके